प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मिति: २०७७/०२/०३

### १) मुख्यमुख्य क्रियाकलापहरु:-

- आज स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त जानकारी अनुसार सिन्धुपाल्चोक निवासी २९ वर्षिया महिला वैशाख २३, २०७७ मा त्रि. वि. शिक्षण अस्पतालमा डेलिभरीको लागि भर्ना भएको, २४ गते उनको नर्मल डेलिभरी भई २५ गते डिस्चार्ज भएर सिन्धुपाल्चोक फर्केपछि ज्वरो, श्वास्प्रस्वासमा समस्यापछि स्थानीय अस्पतालमा उपचार गर्दै गर्दा जटिलता देखिएपछि थप उपचारका लागि धुलिखेल अस्पताल ल्याउँदै गर्दा मृत्यु भएको छ । सो सम्बन्धमा थप विस्तृत विवरण लिईएको र कोभिड-१९ सँग सम्बन्धित थप परिक्षण पश्चात् नेपालमा कोभिड-१९ बाट मृत्यु भएको यो पहिलो घटना भएको पुष्टि भएको छ । यो घटनाप्रति सामाजिक विकास मन्त्रालय दुख व्यक्त गर्दछ । सम्बन्धित स्थानहरुमा जिल्ला कोरोना क्राइसीस म्यानेजमेन्टको तर्फबाट सिल गरिएको छ । सम्बन्धित ठाउँमा भोलि नै विज्ञ प्राविधिक टोलीले संक्रमितको सम्पर्कमा आएकाको खोजी (Contact tracing) गरी आवश्यक सबैको पी. सि. आर. (PCR) परिक्षण गर्नेछ । धैर्यता र सहयोगको लागि सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं । मृतकप्रति हार्दिक श्रद्धान्जली र बिरामी नाबालकको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

- आज स्वास्थ्य सेवा विभाग टेकुबाट प्रदेशलाई ३००० थान भाइरल ट्रान्सपोर्ट मिडिया (VTM) १८५०० थान आर. डी. टि. किट (RDT) प्राप्त भएको छ (प्राप्त भएको आर. डी. टि. किटमध्ये काठमाण्डौलाई ८५००, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई ५००० र भक्तपुर, ललितपुर, नुवाकोट, काभ्रे र धादिङलाई एक-एक हजार गरी वितरण गरिएको) ।

- त्यस्तै आज नै सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय, PHEOC, स्वास्थ्य कार्यलय धादिङका प्रमुख सहितको टोलीले धादिङ घर भएका र हाल दुई दिन अगाडी काठमाण्डौं गएकी एक महिलामा कोभिड-१९ संक्रमण रहेको पुष्टि भए लगतै संक्रमितको

नजिकको सम्पर्कमा आएका ३६ व्यक्तिहरु पहिचान गरी नमुना संकलनमा समन्वय गरेर आवश्यक व्यवस्थापन गरेको छ ।

- बैशाख ३१ गते कोभिड-१९ पोजिटिभ देखिएको २५ वर्षिया महिला जो सुनसरीबाट भक्तपुर जाने क्रममा सिन्धुलीमा रहेको आफन्तको घरमा खाना खाएको सुचना पाए पछि जेष्ठ १ गते सामाजिक बिकास मन्त्रालय, PHEOC, स्वास्थ्य कार्यलय सिन्धुली र सिन्धुली अस्पतालको मेसु सहितको टोलीले संक्रमित व्यक्तिसंग नजिकको सम्पर्कमा आएका १० ब्यक्तिहरु पहिचान गरी नमुना संकलन गरेर परिक्षण गर्न पठाईएकोमा सबैको नतिजा नेगेटिभ आएको छ। यसै क्रममा गएको टोलीले नजिकको सम्पर्कमा रहेका र सम्पर्कमा आएकाको सम्पर्कमा भएका हुनसक्ने ब्यक्ति गरी २२ जनाको पहिचान गरी उनीहरुको विवरण संकलन गरी स्थानीय स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीको समन्वयमा थप कार्य हुने क्रममा छ।

## २) महामारीको हालको अवस्थाः-

- नेपालमा पहिलो कोरोना भाईरसको संक्रमण (कोभिड-१९) माघ ९, २०७६ मा पुष्टि भएको थियो। माघ ९ देखि चैत्र २० सम्ममा जम्मा ६ जनामा संक्रमण देखियो । सो अवधिमा संक्रमण देश बाहिरबाट नेपाल भित्रिएकाहरुमा मात्र सिमित भएको थियो तर चैत्र २२, २०७६ मा पहिलो पल्ट कोभिड-१९ को संक्रमण बाहिरबाट नेपाल भित्रिएकाको परिवारको सदस्यमा समेत देखा पर्‍यो। यसरी हाल नेपालमा संक्रमण बाहिरबाट नेपालमा आउनेमा र संक्रमित व्यक्तिबाट स्थानीय तहमा झुण्ड-झुण्ड रुपमा सरेको (Sporadic cases) देखिएको छ ।
- नेपालमा हाल सम्ममा जम्मा २८१ जनामा संक्रमण देखिएकोमा बागमती प्रदेशमा जम्मा १७ जनामा संक्रमण देखिएकोमा आज एक महिलाको मृत्य भएको पुष्टि भएको छ।

## ३) कोरोना भाइरस (कोभिड-19) रोकथाम, नियनन्त्रण तथा प्रतिकार्य सम्बन्धि दैनिक प्रतिवेदनः-

- आज मिति २०७७।०२।०३ गते दिउँसो २ बजे सम्ममा बागमती प्रदेश अन्तर्गत COVID-19 को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी भएका गतिविधिहरूको विवरण निम्नबमोजिम रहेको छ, आज हेटौडामा रहेको VBDRTC को प्रयोगशालामा COVID-19 को परीक्षणको लागि २० वटा स्वाब(स्याम्पल) प्राप्त भएकोमा सबैको नतिजा नेगेटिभ आएको छ । हालसम्म VBDRTC को प्रयोगशालामा COVID-19 को परीक्षणको लागि ५८७ वटा स्वाब(स्याम्पल) प्राप्त भएको छ ।

❖ यसको अतिरिक्त हालसम्म यस प्रदेशमा ११२५७ RDT बाट परीक्षण गरिएकोमा ५८ वटामा पोजिटिभ देखिएको छ ।

## ४) क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि. (RDT), पी.सि.आर. (PCR) परिक्षण सम्बन्धि विवरण:-

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | संकलित नमुना (RT-PCR) | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा | नेगेटिभ | पोजिटिभ | |
| काठमाण्डौ | 799 | 0 | 0 | 224 | 0 | 4086 | 4045 | 41 | 883 | 876 | 7 | |
| ललितपुर | 137 | 2 | 0 | 124 | 3 | 845 | 843 | 2 | 297 | 297 | 0 | |
| भक्तपुर | 313 | 0 | 0 | 42 | 0 | 704 | 702 | 2 | 541 | 539 | 2 | |
| रसुवा | 283 | 2 | 3 | 35 | 0 | 108 | 108 | 0 | 3 | 3 | 0 | |
| नुवाकोट | 305 | 10 | 1147 | 16 | 0 | 555 | 555 | 0 | 48 | 48 | 0 | |
| धादिङ | 512 | 140 | 0 | 15 | 2 | 728 | 726 | 2 | 9 | 8 | 2 | |
| चितवन | 300 | 19 | 0 | 302 | 12 | 984 | 981 | 3 | 774 | 772 | 3 | |
| सिन्धुली | 255 | 49 | 0 | 32 | 0 | 573 | 573 | 0 | 23 | 23 | 0 | |
| मकवानपुर | 218 | 0 | 0 | 35 | 21 | 769 | 764 | 5 | 185 | 185 | 1 | |
| रामेछाप | 331 | 10 | 29 | 71 | 0 | 223 | 223 | 0 | 6 | 6 | 0 | |
| दोलखा | 160 | 0 | 0 | 41 | 0 | 413 | 413 | 0 | 10 | 10 | 0 | |
| काभ्रे | 342 | 9 | 37 | 13 | 0 | 591 | 588 | 3 | 686 | 686 | 1 | |
| सिन्धुपाल्चोक | 506 | 16 | 102 | 35 | 1 | 678 | 678 | 0 | 53 | 53 | 1 | |
| जम्मा | 4461 | 257 | 1318 | 985 | 39 | 11257 | 11199 | 58 | 3518 | 3506 | 17 | |


## ५) बागमती प्रदेशमा संक्रमितहरुको विवरण (२०७७/०२/०३ गते, बेलुकी ९:३० सम्मको विवरण)

| क्र. स. | जिल्ला | कोभिड-१९ संक्रमितमध्ये | | | अन्य विवरण |
|---|---|---|---|---|---|
| | | जम्मा | उपचाररत | निको भएको | |
| १ | काठमाण्डौ | ७ | ४ | ३ | |
| २ | चितवन | ३ | १ | २ | |
| ३ | भक्तपुर | २ | २ | ० | |
| ४ | धादिङ | २ | १ | १ | |
| ५ | मकवानपुर | १ | १ | ० | |
| ६ | काभ्रे | १ | १ | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| **७** | **सिन्धुपाल्चोक** | १ | ० | ० | २०७७/०२/०३ मा मृत्यु भएको पुष्टि भएको |
| | **जम्मा** | **१७** | **१०** | **६** | **१** |

स्रोत: HEOC

## ६) किटजन्य  रोग अनुसन्धान तथा तालिम केन्द्र, हेटौंडा, मकवानपुरमा हालसम्म परिक्षण गरिएका स्याम्पलको विवरण:-




VBDRTC, हेटौडामा २०७६/११/२१ देखि २०७७/०२/०१ मा परिक्षण गरिएको स्याम्पलको वर्गीकरण

हालसम्म परिक्षण भएर नतिजा आइसकेका ५२१ स्याम्पलमध्ये ६ वटा स्याम्पल पोजिटिभ देखिए पनि (अप्रिल ९, २०२० मा प्राप्त २ वटा स्याम्पल पोजिटिभ देखिएको र सोहि केसमा पुन: अप्रिल १४ मा टेस्ट गर्दा पोजिटिभ आएको) जम्मा ४ वटा केसमा परिक्षणको नतिजा पोजिटिभ देखिएको छ जसमध्ये ३ पुरुष (४४ वर्ष, ५५ वर्ष, ६० वर्ष) र १ महिला (६३ वर्ष) रहेका छन् ।

## **७) बागमती प्रदेशमा कोभिड अस्पतालको विवरण:-**

| | **हब अस्पताल** |
|---|---|
| १ | त्रि. वि. शिक्षण अस्पताल, काठमाण्डौ |
| २ | वीर अस्पताल, काठमाण्डौ |
| ३ | भक्तपुर अस्पताल, भक्तपुर |
| ४ | निजामति कर्मचारी अस्पताल, काठमाण्डौ |
| ५ | पाटन अस्पताल, ललितपुर |

| | |
|---|---|
| ६ | श्री वीरेन्द्र अस्पताल, काठमाण्डौ |
| ७ | भरतपुर अस्पताल, चितवन |
| ८ | धुलिखेल अस्पताल, काभ्रे |

| स्तर १ अस्पताल | |
|---|---|
| १ | आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, किर्तिपुर |
| २ | काठमाण्डौ मेडिकल कलेज, दुवाकोट |
| ३ | कोरोना अस्थाई अस्पताल, चितवन |
| **स्तर २ अस्पताल** | |
| १ | शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, काठमाण्डौ |
| २ | पाटन अस्पताल, ललितपुर |
| ३ | नेपाल सशस्त्र प्रहरी बल अस्पताल, काठमाण्डौ |
| ४ | भरतपुर अस्पताल, चितवन |
| **स्तर ३ अस्पताल** | |
| १ | त्रि. वि. शिक्षण अस्पताल, महाराजगंज |

| आइसोलेसन बेड संचालन गर्ने प्रदेश अन्तर्गतका अस्पताल | |
|---|---|
| १ | हेटौडा अस्पताल, मकवानपुर |
| २ | चौतारा अस्पताल, सिन्धुपाल्चोक |
| ३ | धादिङ अस्पताल, धादिङ |
| ४ | भक्तपुर अस्पताल, भक्तपुर |
| ५ | सिन्धुली अस्पताल, सिन्धुली |
| ६ | त्रिशुली अस्पताल, नुवाकोट |

| | |
|---|---|
| ७ | रामेछाप अस्पताल, रामेछाप |
| ८ | रसुवा अस्पताल, रसुवा |

| | |
|---|---|
| **मेडिकल कलेज** | |
| **१** | चितवन मेडिकल कलेज, चितवन |
| **२** | कलेज अफ मेडिकल साइन्स, चितवन |
| **३** | काठमाण्डौ मेडिकल कलेज, काठमाण्डौ |
| **४** | नेपाल मेडिकल कलेज, काठमाण्डौ |
| **५** | किस्ट मेडिकल कलेज, ललितपुर |
| **६** | काठमाण्डौ युनिभर्सिटी धुलिखेल अस्पताल, काभ्रे |
| **७** | पाटन एकेडेमी अफ हेल्थ साइन्स, ललितपुर |
| **८** | त्रि. वि. शिक्षण अस्पताल, काठमाण्डौ |

| | |
|---|---|
| **निजी क्षेत्रका अस्पताल** | |
| १ | नर्भिक अन्तराष्ट्रिय अस्पताल |
| २ | अल्का अस्पताल |
| ३ | सुमेरु अस्पताल |
| ४ | बि एण्ड बि अस्पताल |
| ५ | ह्याम्स अस्पताल |
| ६ | स्टार अस्पताल |
| ७ | निदान अस्पताल |
| ८ | वयोधा अस्पताल |

| | |
|---|---|
| ९ | चिरायु अस्पताल |
| १० | विनायक अस्पताल |
| ११ | सहिद मेमोरियल अस्पताल |
| १२ | गणेशमान अस्पताल |
| १३ | ग्राण्डी अन्तराष्ट्रिय अस्पताल |
| १४ | डा. उपेन्द्र देवकोटा मेमोरियल अस्पताल |
| १५ | मेडिसिटि अस्पताल |

स्रोत: कोभिड-१९ महामारीको सन्दर्भमा कोभिड तथा अन्य स्वास्थ्य सेवा प्रवाहका लागि अन्तरिम निर्देशिका २०७६, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## ८) बागमती प्रदेशमा आरटि-पीसिआर (RT-PCR) परिक्षण गरिने प्रयोगशालाको विवरण:-

| प्रयोगशाला | |
|---|---|
| १ | राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला र शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, काठमाण्डौ |
| २ | किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र, मकवानपुर |
| ३ | भरतपुर अस्पताल कोभिड-१९ प्रयोगशाला, चितवन |
| ४ | वीर अस्पताल, काठमाण्डौ |
| ५ | पाटन अस्पताल, ललितपुर |
| ६ | धुलिखेल अस्पताल, काभ्रे |

स्रोत: HEOC

## ९) आम जनसमुदायलाई अनुरोध र सुझावहरुः-

हाल विश्व महामारीको रुपमा रहेकोCOVID - 19 बाट बच्न आवश्यक सावधानी अपनाएर एक जिम्मेवार नागरिकको कर्तव्य निभाउनु हामी सबैको दायित्व हो तसर्थ निम्न बमोजिमका कुराहरुमा ध्यान दिऔं र संक्रमणबाट आफु पनि बचौ, अरुलाई पनि बचाऔं:

- बन्दाबन्दी (Lockdown)को पालना गरौं।
- संक्रमित व्यक्तिको मुखबाट निस्कने थुकका छिटा-कणबाट यो रोग सिधा सर्दछत्यसैले आफू बच्न र अरुलाई बचाउनको लागि सामाजिक दुरी कायम गरौ। व्यक्ति व्यक्ति बिचको दुरी कम्तिमा १ मिटर वा ३ फिट कायम गरौं। यसले रोगलाई सिधा सर्नबाट बचाउद छ ।
- खोक्दा वा हाछ्यिु गर्दा मास्क/Tissue paper/कुहिनोले नाक, मुख छोप्नेगरौं ।

| | |
|---|---|
| ✚ | संकास्पद वा रोगीको ( खोकी लाग्ने, ज्वरो आउने, श्वास्प्रस्वासमा समस्या आउनेव्यक्तिको) सम्पर्क बाट टाढा बसौ । |
| ✚ | प्रदुषित वस्तु वा सतहमा बारम्बार छोइने भएकोले नियमित रुपमा साबुन पानीले हात धुने गरौँ। |
| ✚ | सकेसम्म घरबाहिर वा भीडभाडमा नजाऔ । |
| ✚ | हातले आँखा, नाक, मुख सकभर नछुने र छुनुपरेमा पहिला राम्रोसंग साबुन पानीले हात धुने गरौ। |
| ✚ | यो रोग थुकका कण (droplets)को माध्यमले सर्ने भएकोले जथाभावी नथुकौ । |
| ✚ | ढोका, चुकुल खोल्दा सकेसम्म कुहिनोवा धैरै नचलाईने हात (दाहिने चलाउनेले देब्रे र देब्रे चलाउनेले दाहिने)को प्रयोग गरौँ। |
| ✚ | सार्वजनिक स्थलका वस्तुहरु जस्तै: भर्याङको रेलिङ, बार आदि सकेसम्म नछुने/नसमाउनेगरौँ। |
| ✚ | घरमा सधै छोइरहने ठाउँ वा चीज जस्तै: ढोकाको चुकुल, ह्यान्डल, बत्तीको स्वीच, टेबल, कुर्सी, धारा, बेसिन आदि सधै डिटर्जेन्ट/साबुन प्रयोग गरेरसफा गर्नुपर्छ र सफा गरिसकेपछि राम्रोसंग साबुन पानीले हात धुनेगरौँ। |
| ✚ | इलेक्ट्रोनिक सामान (मोबाइल, ल्यापटप, ट्याब्लेट, मोनिटर, रिमोट, किबोर्ड आदि) अल्कोहोलभएको स्प्रेको प्रयोग गरेर नियमित रुपमा सफा गरौँ। |
| ✚ | मदिरापान, धुम्रपान गर्नाले शरीरको रोगसंग लड्न सक्ने क्षमतालाई असर गर्ने भएकोले मदिरापान, धुम्रपान नगरौँ। |

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाब र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (COVID-19)

डा. पुरुषोतम राज सेढाई